आज मिति २०७८ साल पौष १७ गते शनिबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७८/०७९ को सातौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थिती:**

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री कुल बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८५१०७७११८ | |
| २. | श्री बिर्मला देवी बुड्थापा | सदस्य एवं नगर उप-प्रमुख | ९८६८७०७४४६ | |
| ३. | श्री अमर बहादुर शाह | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६८४३६५५५ | |
| ४. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८५८६५०७१२ | |
| ५. | श्री कृष्ण बहादुर बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६५६२६२६४ | |
| ६. | श्री बालगिरी कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८६७७५०२ | |
| ७. | श्री उजिरे साउँद | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८६८५२५५६ | |
| ८. | श्री प्रेम राज शर्मा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६१२७६० | |
| ९. | श्री मिठ्ठु सिंह भाट | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८४८४११६९९ | |
| १०. | श्री टंक बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८६९१५६८६६ | |
| ११. | श्री ध्रुब बहादुर थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८५५४०३५ | |
| १२. | श्री लाल बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८६९२९४८ | |
| १३. | श्री गणेश बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८६५८३२६४५ | |
| १४. | श्री प्रकाश बहादुर राना | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८४८५३०१९१ | |
| १५. | श्री सागर सिंह सोनार (बाब्ली) | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८५८४२६५२४ | |
| १६. | श्री कर्ण बहादुर साउँद | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८६७७९८६ | |
| १७. | श्री जीत बहादुर निशानी लुहार | सदस्य | ९८६२५०१०८८ | |
| १८. | श्री दुरी देवी कुँवर | सदस्य | ९८१४६६७२१० | |
| १९. | श्री सुरत बहादुर भुल | सदस्य | ९८६९४४०७५९ | |
| २०. | श्री सावी मिजार | सदस्य | ९७४८२३११५० | |
| २१. | श्री शंकर भुल | सदस्य | ९८४८६००८७६ | |

| | | | | |
|---|---|---|---|---|
| २२. | श्री जयन्ती देवी बोगटी | सदस्य | ९८६८८००१८२ | |
| २३. | श्री सावित्री देवी कुँवर | सदस्य | ९८४०६८०६७२ | |
| २४. | श्री शान्ती देवी जोशी | सदस्य | ९८४८५२६५४९ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि. प्र.प्र.अ. | ९८५८४३०१११ | |

**आमन्त्रितः**

| | | | | |
|---|---|---|---|---|
| १. | श्री | | | |
| २. | श्री | | | |
| ३. | श्री | | | |

प्रस्तावहरुः

१. रिपोर्टिङ

२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम प्राथमिकीकरण सम्बन्धमा ।

३. नयाँ शहर आयोजनामा माग गर्ने विकास निर्माण आयोजना सम्बन्धमा ।

४. स्थानीय पाठ्यक्रम अनुमोदन सम्बन्धमा ।

५. आधारभूत शिक्षा परीक्षा व्यवस्थापन निर्देशिका २०७८ सम्बन्धमा ।

६. कार्यपालिका सदस्य गाउँघर विकास कार्यक्रम सञ्चालन निर्देशिका- २०७८ सम्बन्धमा ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

८. मेड्पा आ.व. २०७८/०७९ को कार्यक्रम स्वीकृत सम्बन्धमा ।

९. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

१०मेगा बैंक नेपाल लि. काउन्टर स्थापना सम्बन्धमा ।

११.वडा कार्यक्रम संशोधन सम्बन्धमा ।

१२.आर्थिक सहयोग सम्बन्धमा ।

१३. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन (LISA) को प्रारम्भिक नतिजा सम्बन्धमा ।

१४. सङ्घीय सरकार विशेष अनुदान माग गर्ने सम्बन्धमा ।

१५. सङ्घीय सरकार समपुरक अनुदान माग गर्ने सम्बन्धमा।

१६. प्रदेश सरकार समपुरक अनुदान माग गर्ने सम्बन्धमा ।

१७. सार्वजनिक सुनुवाई प्रतिवेदन २०७७/०७८ अनुमोदन सम्बन्धमा ।

१८. विकास निर्माण योजना सम्बन्धमा ।

१९. विविध

**निर्णयहरुः**

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा मंशिर १८ गते सम्पन्न छैटौं कार्यपालिका बैठक यता भए गरेका कार्यक्रम तथा कृयाकलापहरुको बारेमा नगर प्रमुखज्यूबाट संक्षिप्त रुपमा रिपोर्ट प्रस्तुत भई वडा तहको रिपोर्टिङ सम्बन्धित वडा अध्यक्षको प्रस्तुति पश्चात कार्य सञ्चालनार्थ देखिएका समस्या तथा कमी कमजोरीलाई नगर प्रमुखज्यूको सम्बोधन सहित आपसी सहमती तथा सहकार्यबाट समाधान गर्ने गरी रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत तपसिल बमोजिमका विद्यालयहरुले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि प्रस्तावना पेश गरे अनुसार उक्त विद्यालयहरुको आवश्यकता तथा औचित्यताका आधारमा निम्नानुसार प्राथमिकीकरण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| क्र.सं. | जिल्ला | स्थानीय तह | IEMIS Code | विद्यालयको नाम र ठेगाना | संचालित कक्षा | विद्यार्थी संख्या | प्रस्तावित कार्यक्रम | संलग्न कागजातहरु | प्रस्तावित लागत | प्राथमिकीकरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **२/४ कोठे भवन** | | | | | | | |
| १ | अछाम | साँफेबगर | ६९०६५०००८ | प्रभाधम्कोट मा.वि.सा.न.पा.३ | ०–१२ | ६२४ | ४ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | ८००००००० | १ | |
| २ | अछाम | साँफेबगर | ६९०२००००१ | हंसबाहीनी मा.वि.सा.न.पा.११ | ०–१० | ३२५ | ४ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र लालपुर्जा | ५०००००० | २ | |
| ३ | अछाम | साँफेबगर | ६९००१०००६ | राष्ट्रिय मा.वि.सा.न.पा.१३ | ०–१२ | ६३५ | ४कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | ५०००००० | ३ | |
| ४ | अछाम | साँफेबगर | ६९०३९०००४ | शैलेश्वरी प्रा..वि.सा.न.पा.१२ | ०–५ | १०५ | २ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र वडा सिफारिस | २००००००० | ४ | |
| ५ | अछाम | साँफेबगर | ६९०२०००६ | महाकाली प्रा.वि.सा.न.पा.११ | ०–५ | १०९ | २ कोठे भवन शौचालय | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र वडा सिफारिस | २५०००००० | ५ | |
| ६ | अछाम | साँफेबगर | ६९००२०००२ | वैधनाथ वेद विद्याश्रम सा.न.पा.१ | ०–८ | ३१ | २ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | २५०००००० | ६ | |
| ७ | अछाम | साँफेबगर | ६९०१५०००४ | बुढाकोट मा.वि.सा.न.पा.९ | ०–१० | ३९५ | ४कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | ४०००००० | ७ | |
| ८ | अछाम | साँफेबगर | ६९०५५०००४ | मष्टामाण्डौ प्रा.वि. सा.न.पा.१४ | ०–३ | ९६ | २ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | २५०००००० | ८ | |
| ९ | अछाम | साँफेबगर | ६९०२०००२ | कालिका प्रावि सानपा ११ | ०–४ | ८१ | २ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | २००००००० | ९ | |
| १० | अछाम | साँफेबगर | ६९०२५०००५ | घुघुरकोट मा.वि.सा.न.पा.१० | ०–१० | २५७ | ४ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | २०००००० | १० | |
| ११ | अछाम | साँफेबगर | ६९०५३०००३ | कृष्ण मा.वि.सा.न.पा.५ | ०–१० | १७० | ४कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | ६५०००००० | ११ | |
| १२ | अछाम | साँफेबगर | ६९०३१०००२ | सरस्वती आ.वि.सा.न.पा.२ | ०–८ | २०१ | ४ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | १०००००००० | १२ | |
| १३ | अछाम | साँफेबगर | ६९०१७०००४ | महेन्द्र मा.वि.सा.न.पा.८ | ०–१२ | ७१४ | ४ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र वडा सिफारिस | ५०००००० | १३ | |
| १४ | अछाम | साँफेबगर | ६९०६१०००७ | सरस्वति आवि ककडसात | ०–५ | ७७ | ४कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | ५०००००० | १४ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | अछाम | साँफेबगर | ६९०२५०००४ | बेतालमाण्डौ मा.वि.सा.न.पा.१० | ०–१२ | ४१० | ४ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | ५०००००० | १५ | |
| १६ | अछाम | साँफेबगर | ६९०५३०००२ | जाल्पादेवी प्रा.वि.सा.न.पा.५ | ०–५ | १३३ | ४ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र वडा सिफारिस | २५००००० | १६ | |
| १७ | अछाम | साँफेबगर | ६९०३९०००२ | भानुदय प्रा.वि.सा.न.पा.१२ | ०–५ | ५४ | ४ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | ५०००००० | १७ | |
| १८ | अछाम | साँफेबगर | ६९०१५००११ | त्रिपुरा सुन्दरी प्रा.वि.सा.न.पा.९, बासकाटीया | ०–५ | ७० | ४ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र वडा सिफारिस | ४०००००० | १८ | |
| १९ | अछाम | साँफेबगर | ६९०५५०००८ | पिपलपार्क प्रा.वि.सा.न.पा.१४ | ०–३ | ९३ | २ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | २५००००० | १९ | |
| २० | अछाम | साँफेबगर | ६९०१५०००७ | कर्ण प्रा.वि.सा.न.पा.९ | ०–३ | ५९ | ४ कोठे भवन | भवन भत्केको प्रमाणहरु | ३०००००० | २० | |
| २१ | अछाम | साँफेबगर | ६९०२००००५ | कैलाश प्रा.वि.सा.न.पा.११ | ०–५ | ८५ | २ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र, लालपुर्जा,वडा सिफारिस | २५००००० | २१ | |
| २२ | अछाम | साँफेबगर | ६९०५५०००७ | चण्डिका प्रा.वि.सा.न.पा.१४ | ०–३ | ९१ | २ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | २५००००० | २२ | |
| २३ | अछाम | साँफेबगर | ६९०६५०००५ | कालिका सामुदायिक प्रा.वि.सा.न.पा.३ | ०–३ | २५ | २ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | २५००००० | २३ | |
| २४ | अछाम | साँफेबगर | ६९०५५०००२ | सरस्वती प्रा.वि.सा.न.पा.१४ | ०–५ | १०२ | २ कोठे भवन | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | २०००००० | २४ | |
| **आइ.सि.टि. ल्याब तथा डिजिटल लाइब्रेरी** | | | | | | | | | ० | | |
| १ | अछाम | साँफेबगर | ६९०५००००१ | जनकल्याण मा.वि.सा.न.पा.४ | ०–१० | ५३१ | ICT Lab | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | २९२९००० | १ | |
| २ | अछाम | साँफेबगर | ६९०३९०००१ | तूका मा.वि.सा.न.पा.१२ | ०–१० | २४६ | ICT Lab | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र वडा सिफारिस | २७६४००० | २ | |
| ३ | अछाम | साँफेबगर | ६९०२५०००५ | घुघुरकोट मा.वि.सा.न.पा.१० | ०–१० | २५७ | ICT Lab | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | २०००००० | ३ | |
| ४ | अछाम | साँफेबगर | ६९०३१०००५ | त्रिपुरा सुन्दरी मा.वि.सा.न.पा.२ | ०–१२ | ४६६ | ICT Lab ,Digital Library | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | १८५०००० | ४ | |
| ५ | अछाम | साँफेबगर | ६९०५३०००३ | कृष्ण मा.वि.सा.न.पा.५ | ०–१० | १७० | ICT Lab | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | १५००००० | ५ | |
| ६ | अछाम | साँफेबगर | ६९०५०००४ | भगवती आ.वि.सा.न.पा.४ | ०–८ | २७७ | ICT Lab digital lab | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | २३५०००० | ६ | |
| ७ | अछाम | साँफेबगर | ६९०१५०००४ | बुढाकोट मा.वि.सा.न.पा.९ | ०–१० | ३९५ | ICT Lab | वि.व्य.स.को निर्णय,प्रस्तावना र पत्र | ६५०००० | ७ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | अछाम | साँफेबगर | ६९०३१०००२ | सरस्वती आ.वि.सा.न.पा.२ | ०-८ | २०१ | ICT Lab | वि.व्य.स.को निर्णय, प्रस्तावना र पत्र<br>भवन भत्केको प्रमाणहरु | २०००००० | ८ | |
| ९ | अछाम | साँफेबगर | ६९००१०००६ | राष्ट्रिय मा.वि.सा.न.पा.१३ | ०-१२ | ६३५ | ICT Lab | वि.व्य.स.को निर्णय, प्रस्तावना र पत्र | १०००००० | ९ | |
| १० | अछाम | साँफेबगर | ६९०५५०००१ | कालिका मा.वि.सा.न.पा.१४ | ०-१० | ४१६ | ICT Lab, Digital Library | वि.व्य.स.को निर्णय, प्रस्तावना र पत्र | २५००००० | १० | |
| **प्राविधिक ल्याव सुदृढीकरण** | | | | | | | | | | | |
| १ | अछाम | साँफेबगर | ६९०६५०००८ | प्रभाधम्कोट मा.वि.सा.न.पा.३ | ०-१२ | ६२४ | प्राविधिक ल्याव सुदृढीकरण | वि.व्य.स.को निर्णय, प्रस्तावना र पत्र | ३०००००० | १ | |
| **प्राविधिक धार संचालन** | | | | | | | | | ० | | |
| १ | अछाम | साँफेबगर | ६९०५०००२ | हिमालय मा.वि.सा.न.पा.४ | ०-१२ | ५४० | प्राविधिक धार संचानVeterinary (९-१२) | वि.व्य.स.को निर्णय, प्रस्तावना र पत्र | २०००००००० | १ | |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आवश्यकता तथा औचित्यताको आधारमा तपसिल बमोजिमका आयोजनाहरु नयाँ शहर आयोजना कार्यालयको सहयोगमा निर्माण कार्य सञ्चालन हुनेगरी उक्त आयोजना कार्यालयमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| क्र.सं. | आयोजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | साँफे हाटबजार बसपार्क निर्माण | सा.न.पा.३ |
| २ | हिमालय मा.वि. देखि विमकोट दरबार सम्म सडक निर्माण | सा.न.पा.४ |
| ३ | बजारक्षेत्र सौर्यबत्ती जडान | सा.न.पा. |
| ४ | वैद्यनाथ धाम पार्क निर्माण | सा.न.पा.१ |
| ५ | कालभैरव मन्दिर क्षेत्र किरियापितृ घर निर्माण तथा स्नानगृह निर्माण | सा.न.पा.३ |
| ६ | साँफेबगर बहुउद्धेश्यीय सभागृह निर्माण | सा.न.पा. |
| ७ | साँफेबगर खुला मञ्च निर्माण | सा.न.पा. |
| ८ | बडासैन क्रिकेट खेलकुद संरचना निर्माण | सा.न.पा.७ |
| ९ | बुढाबगर नाइनी पर्यटकीय सडक स्तरोन्नती | सा.न.पा.१३ र १२ |
| १० | ठाँटी देविस्थान देउलीखाँद सडक स्तरोन्नती | सा.न.पा.१० र ११ |

| | | |
|---|---|---|
| ११ | साँफे हाटबजार दयगडा बुढाकोट पातलकोट सडक स्तरोन्नती | सा.न.पा.३, ९ र १४ |
| १२ | बैजनाथ भैरबथान कुपसैन पायलेगाड सडक स्तरोन्नती | सा.न.पा.१ |
| १३ | छिपेखोला कठेना छान्ना मुना सडक स्तरोन्नती | सा.न.पा.५ |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण कार्यदलद्धारा तयार पारिएको स्थानीय पाठ्यक्रम अनुमोदनका लागि प्रस्तुत भई अक्षरशः छलफल हुँदा उक्त पाठ्यक्रममा समावेश हुन छुट भएका विषयवस्तुहरु समावेश गरी अनुमोदन गर्ने  सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आधारभूत शिक्षा परिक्षा व्यवस्थापन निर्देशिका २०७८ पारितका लागि प्रस्तुत भई दफाबार रुपमा छलफल हुँदा उक्त निर्देशिका संशोधन सहित पारित गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ६**
प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको कार्यपालिका सदस्य गाउँघर विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ प्रस्तुत भई दफाबार रुपमा छलफल हुँदा उक्त कार्यविधि पारित गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ७**
प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७८/०७९ को लागि सूचीकृत बेरोजगारहरु मध्येबाट तपसिल बमोजिमको संख्यामा एक सय दिनको रोजगारीका लागि कार्यक्रम स्वीकृत भई आए बमोजिम बेरोजगार व्यक्तिहरु छनौट गर्न १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिलः
जम्मा बजेट रु.१७८०१०००
जम्मा सुचिकृत संख्या= १३८१
१०० दिनको न्युनतम रोजगारी उपलब्ध स्वीकृत संख्या= ३०९
(युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना रोजगारी संख्या = ६६ जना
कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना रोजगारी संख्या= २४३)

| वडा नं. | दर्ता भएको बेरोजगार संख्या | EMIS मा प्रविष्ट सुचिकृत बेरोजगारहरुको संख्या | | | श्रमिक संख्या | | ज्यालादर | उपलब्ध रोजगारी दिन | जम्मा विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | सामुदायिक आयोजना | युवा रोजगारी | | | | |
| १ | १२८ | ८२ | ४० | १२२ | १४ | १० | ५७७ | १०० | १३८४८०० | |
| २ | ११७ | ९३ | १८ | १११ | २३ | ० | ५७७ | १०० | १३२७१०० | |
| ३ | ३५ | २८ | ७ | ३५ | १४ | ० | ५७७ | १०० | ८०७८०० | |
| ४ | ४४ | ३५ | ८ | ४३ | १४ | ० | ५७७ | १०० | ८०७८०० | |
| ५ | ४१ | ३५ | ४ | ३९ | १४ | ० | ५७७ | १०० | ८०७८०० | |
| ६ | १०३ | ६८ | ३३ | १०१ | १२ | १० | ५७७ | १०० | १२६९४०० | |
| ७ | १२२ | ६७ | ५५ | १२२ | २६ | ० | ५७७ | १०० | १५००२०० | |
| ८ | १२२ | ८६ | ३५ | १२१ | १६ | १० | ५७७ | १०० | १५००२०० | |
| ९ | ११७ | ८१ | २९ | ११० | १५ | ८ | ५७७ | १०० | १३२७१०० | |
| १० | १४७ | १२७ | २० | १४७ | २२ | १० | ५७७ | १०० | १८४६४०० | |
| ११ | १२२ | ५८ | ५५ | ११३ | १३ | १० | ५७७ | १०० | १३२७१०० | |
| १२ | १०० | ४७ | ५३ | १०० | २२ | ० | ५७७ | १०० | १२६९४०० | |
| १३ | १०७ | ६२ | ३९ | १०१ | १४ | ८ | ५७७ | १०० | १२६९४०० | |
| १४ | ११६ | ७२ | ४४ | ११६ | २४ | ० | ५७७ | १०० | १३८४८०० | |
| जम्मा | १४२१ | ९४१ | ४४० | १३८१ | २४३ | ६६ | ५७७ | १०० | १७८२९३०० | |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित गरिबी न्यूनीकरणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत आ.व.२०७८/०७९ को कार्यक्रम स्वीकृतीका लागि पेश भएकोले उक्त कार्यक्रम स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल

| क.सं. | क्रियाकलाप | लक्ष्य | इकाई | बजेट रु. | मूख्य जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|
| **(क)** | **नयाँ उद्यमी सृजना तर्फ** | **८५** | जना | **२३६०००००** | |
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | | | ७०८०० | कार्यालय/उ.वि.स. |
| २ | उद्यमशीलता विकास तालिम | | | १६५२०० | कार्यालय/उ.वि.स. |
| ३ | प्राविधिक सीप विकास तालिम | | | ८६१४०० | कार्यालय/उ.वि.स./ से.प्र.सं. |
| ४ | लघु वित्तमा पहुच | | | ७०८०० | कार्यालय/उ.वि.स. |
| ५ | उपयुक्त प्रविधिमा पहुच तथा हस्तान्तरण | | | ३५४००० | कार्यालय/उ.वि.स. |
| ६ | बजार सम्बन्ध विकास | | | ७०८०० | कार्यालय/उ.वि.स. |
| ७ | व्यावसायीक परामर्श सेवा | **८५** | जना | | कार्यालय/उ.वि.स. |
| ८ | उद्यम विकास सहजकर्ता | २ | जना | ७६७००० | |
| (ख) | भैरहेका उद्यमीहरुको स्तरोन्नति | ५० | जना | ६००००० | कार्यालय/उ.वि.स. |
| (ग) | कुल रोजगारी सिर्जना हुने संख्या | १३५ | जना | | |
| (घ) | समूहमा प्रविधि हस्तान्तरण | २ | वटा | १४०००० | कार्यालय/उ.वि.स. |
| | **जम्मा मेडपा बजेट** | | | **३१०००००** | |

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय वा अन्तर्गतका निकायहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद २०७८ पौष मसान्तमा समाप्त हुने भएकोले निजहरुको कार्यसम्पादन मूल्यांकनको आधारमा २०७९ असार मसान्त सम्मका लागि थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय परिसरमा मेगा बैंक नेपाल लि. साँफेबगर शाखाले काउन्टर स्थापनाका लागि अनुरोध भई आएकोले बैंकिङ्ग सुविधालाई मध्यनजर गरी उक्त बैंकलाई काउन्टर स्थापना गर्न अनुमती दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत तपसिल बमोजिमका वडा कार्यालय मार्फत चालु आ.व. २०७८/०७९ मा सञ्चालन हुने तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको शीर्षक परिवर्तनका लागि सम्बन्धित वडा कार्यालयबाट अनुरोध भई आएकोले शीर्षक परिवर्तन गरी संशोधन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| वडा | योजना तथा कार्यक्रम | बजेट रकम | संशोधित योजना तथा कार्यक्रम | बजेट रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. ०१ बैजनाथ निवासी अविकला विश्वकर्माको ब्रेन ट्युमर रोगको औषधी उपचारका लागि रकम रु. १,५०,०००/- एक लाख पचास आर्थिक सहयोग उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको गत आ.व.२०७७/०७८ को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन (LISA) को प्रारम्भिक नतिजा ५६.५०% रहेको र सो सम्बन्धमा व्यापकरुपमा छलफल तथा विचार विमर्श गर्दा जुन-जुन विषयगत शाखा र बिषयगत क्षेत्रका सूचकहरुमा अपेक्षित नतिजा हाशिल गर्न नसकीएको अवस्थालाई दृष्टिगत गरी ती क्षेत्रमा देखिएका कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने गरी उक्त नतिजा अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १४**
प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकामा आगामी आ.व. २०७९/०८० मा निर्माण हुने गरी आवश्यकता र औचित्यता तथा प्राथमिकताको आधारमा तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम सङ्घीय सरकार समपुरक अनुदान अन्तर्गत माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिलः

क. वडा कार्यालय भवन निर्माण वडा नं. ४ मष्टामाण्डौं

ख. वडा कार्यालय भवन निर्माण वडा नं. ३ सिद्धेश्वर

ग. वडा कार्यालय भवन निर्माण वडा नं. ५ नवाठाना

**निर्णय नं. १५**
प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिकामा आगामी आ.व. २०७८/०७९ मा निर्माण हुने गरी आवश्यकता र औचित्यता तथा प्राथमिकताको आधारमा तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम सङ्घीय सरकार विशेष अनुदान अन्तर्गत माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिलः

क. राष्ट्रिय मा.वि. भवन निर्माण योजना- साँफेबगर न.पा. १३

ख. साँफेबगर न.पा. अन्तर्गत विद्यालय बृहत सरसफाई परियोजना बालमैत्री,अपाङ्गमैत्री तथा किशोरीमैत्री स्यानेटरी प्याड डिस्पोज सहितको शौचालय निर्माण १४ वटा माध्यमिक विद्यालय

ग. नगरस्तरीय अपाङ्ग र HIV संक्रमितहरुको आयआर्जन तथा क्षमता विकास कार्यक्रम

घ. पोषण प्रबर्द्धनका लागि कृषिमा आधारित उत्पादन तथा उत्पादकत्व बृद्धि र आयआर्जन कार्यक्रम

**निर्णय नं. १६**
प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिकामा आगामी आ.व. २०७९/०८० मा निर्माण हुने गरी आवश्यकता र औचित्यताको आधारमा तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिलः

क. सुर्य चन्द्र मा.वि. अधुरो छात्रावास निर्माण

ख. रिडीकोट बडासैन खेल मैदान भवन निर्माण

**निर्णय नं. १७**
प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका बाट आ.व. २०७७/०७८ मा सार्वजनिक सेवा प्रवाहको अवस्थालाई मध्येनजर गरी तयार पारिएको सार्वजनिक सुनुवाई प्रतिवेदन अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
**निर्णय नं.१८**
प्रस्ताव नं. १८ माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा निर्माण कार्य सम्पन्न हुनेगरी तपसिल बमोजिमका विकास निर्माण आयोजनाहरुमा बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिलः

उल्लेखित निर्णयहरु पारित गर्दै आजको बैठक सम्पन्न गरियो ।